कार्यपालिकाबाट स्वीकृत मितिः २०७६/०८/१७

# विपन्न नागरिक औषधोपचार आर्थिक सहायता सम्बन्धी निर्देशिका, २०७६

**प्रस्तावनाः**

गाउँपालिका क्षेत्रभित्र स्थायी रुपले वसोवास गर्ने विपन्न, सीमान्तकृत, असहाय, महिला, दलित तथा ज्येष्ठ नागरिकहरुलाई नेपाल सरकारले कडारोग भनी वर्गीकरण गरेका रोग लागि औषधी उपचार वापत आर्थिक सहायता उपलब्ध गराउन वाञ्छनीय भएकोले,

स्थानीय तहको प्रशासकीय कार्यविधि ऐन, २०७५ को दफा ४ बमोजिम कार्यपालिकाले यो निर्देशिका बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस नियमावलीको नाम " विपन्न नागरिक औषधोपचार आर्थिक सहायता सम्बन्धी निर्देशिका, २०७६" रहेको छ।

(२) यो निर्देशिका कार्यपालिकाबाट स्वीकृत भएको मिति देखी प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "गाउँपालिका" भन्नाले गंगाजमुना गाउँपालिका सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका सम्झनु पर्छ।

(ग) "अध्यक्ष" भन्नाले गाउँ कार्यपालिकाको अध्यक्षलाई सम्झनु पर्छ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(ङ) "कडारोग" भन्नाले मुटु रोग, क्यान्सर रोग, पार्किन्सस रोग, अल्जार्यमर्स, हेड इन्जुरी, स्पाइनल इन्जुरी, सिकल सेल एनिमिया रोगहरु सम्झनु पर्छ।

(च) "विपन्न विरामी नागरिक" भन्नाले गाउँपालिका क्षेत्रभित्र स्थियी ठेगाना भएका दफा ४ को उपदफा (१) मा गठित समितिले सिफारिस गरेको विपन्न विरामी नागरिक सम्झनु पर्छ।

(छ) "सिफारिस समिति" भन्नाले निर्देशिकाको दफा ४ को उपदफा (१) मा गठित समिति सम्झनु पर्छ।

(ज) "स्वास्थ्य संयोजक" भन्नाले गाउँपालिकाको स्वास्थ्य संयोजकलाई सम्झनु पर्छ।

(झ) "आर्थिक प्रशासन शाखा प्रमुख" भन्नाले गाउँपालिकाको आर्थिक प्रशासन शाखाको शाखा प्रमुखलाई सम्झनु पर्छ।

१. **वजेट विनियोजन गर्नुपर्नेः** (१) गाउँसभाले प्रत्येक आर्थिक वर्षमा विपन्न नागरिक औषधोपचार आर्थिक सहायता शीर्षकमा आवश्यकता अनुसार वजेट विनियोजन गर्नु पर्दछ।

तर वडा समितिले विपन्न नागरिक औषधोपचार आर्थिक सहायता शीर्षकमा वजेट विनियोजन गरी आर्थिक सहयोग गर्न पाउने छैन ।

(२) विनियोजित वजेटबाट विपन्न नागरिकहरुलाई औषधोपचारका लागि दफा ४ बमोजिम सिफारिस समितिले सिफारिस गरी नियमानुसार कार्यपालिका बैठकबाट तोकिएको आर्थिक सहायता उपलब्ध गराइनेछ ।

२. **आर्थिक सहायता पाउने विरामिको प्रकारः** (१) नेपाल सरकारले कडारोग भनी तोकिएका मुटु रोग, क्यान्सर रोग, पार्किन्सस रोग, अल्जार्यमर्स, हेड इन्जुरी, स्पाइनल इन्जुरी, सिकल सेल एनिमिया रोगका विरामीका साथै मृगौला रोगको एक्युट रेनल फेलियर (Acute Renal Failure) भएका विरामीलाई गाउँपालिकाले तोकिएको आर्थिक सुविधा उपलब्ध गराउने छ ।

३. **निवेदन दिनुपर्नेः** (१) गाउँपालिका क्षेत्रभित्र दफा २ मा उल्लेखित कडारोगबाट विरामी भई उपचार गराउनु पर्ने विपन्न, सीमान्तकृत, असहाय, महिला, दलित तथा ज्येष्ठ नागरिकहरुले आर्थिक सहायता रकम प्राप्त गर्नका लागि अनुसूची-१ बमोजिमको ढाँचामा गाउँ कार्यपालिकाको कार्यालय समक्ष निवेदन पेश गर्नु पर्नेछ ।

(२) निवेदनका साथ विरामीले रोग पहिचान भएको चिकित्सकको प्रिस्किप्सन, सम्बन्धित वडाको सिफारिस, नागरिकता प्रमाण पत्रको प्रतिलिपी, २ प्रति फोटो (बालकको हकमा जन्मदर्ताको प्रतिलिपी) पेश गर्नु पर्नेछ ।

४. **सिफारिस समितिः** (१) दफा ३ बमोजिम प्राप्त हुन आएका निवेदन उपर छानविन गरी आर्थिक रुपले विपन्न नागरिकलाई औषधी उपचार आर्थिक सहायता उपलब्ध गराउने प्रयोजनका लागि सिफारिस गर्न गाउँपालिकामा देहायको सिफारिस समिति रहनेछ ।

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| (ख) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (ग) स्वास्थ्य संयोजक | सदस्य सचिव |

५ **समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) विपन्न नागरिकले औषधी उपचार सहायतको लागि आवश्यक कागजात सहित दिएको निवेदन संकलन गर्नुपर्नेछ ।

(ख) सामान्यतया महिनामा २ पटक सिफारिस समितिको बैठक बस्नेछ तर निवेदनको चाप बढी भएको अवस्थामा आवश्यकता अनुसार बैठक बस्नेछ ।

(ग) सिफारिस गर्दा पुरानो विवरण केलाई दोहोरो नपर्ने गरी मात्र सिफारिस गर्नुपर्नेछ ।

(घ) विवरण केलाए पश्चात स्वीकृतिको लागि गाउँपालिकाको अध्यक्ष समक्ष पेश गर्नु पर्नेछ ।

(ङ) गाउँपालिकाको अध्यक्षबाट फाइल स्वीकृत पश्चात आर्थिक प्रशासन शाखाबाट चेक वा नगदै भपाई गरी रकम उपलब्ध गराउनु पर्नेछ ।

६. **एक पटक मात्र उपलब्ध गराउने:** (१) विपन्न नागरिक औषधोपचार आर्थिक सहायता वापतको रकम गाउँपालिकाले एक व्यक्ति वा विरामीलाई एक पटक मात्र उपलब्ध गराउने छ । कुनै पनि विरामीलाई गाउँपालिकाले एक पटक औषधोपचार आर्थिक सहायता वापतको रकम उपलब्ध गराए पश्चात पटक पटक एकै व्यक्तिले सोही प्रयोजनका लागि दावी गर्न पाउनेछैन ।

७. **अभिलेख राख्नु पर्ने:** गाउँपालिकाले उपलब्ध गराएको औषधोपचार वापतको आर्थिक सहायता प्राप्त गर्ने विरामीको अनुसूची-२ बमोजिम अभिलेख व्यवस्थापन गर्नुपर्नेछ ।

८. **थपघट, हेरफेर वा संशोधन :** कार्यपालिकाले यस निर्देशिकालाई आवश्यकता अनुसार थपघट वा हेरफेर वा अनुसूचीमा संशोधन गर्न सक्नेछ ।

९. **वाधा अडकाउ फुकाउने अधिकार :** (क) यस निर्देशिका कार्यान्वयनको सिलसिलामा कुनै वाधा अडकाउ परेमा सो फुकाउने अधिकार विद्यान समितिको सिफारिसमा गाउँ कार्यपालिकाको हुनेछ ।

(ख) तर प्रचलित ऐन, नियम र यस निर्देशिकाको मूलभूत कुरालाई असर गर्ने गरी बमोजिमको बाधा अडकाउ फुकाउने अधिकारको प्रयोग गर्न सकिने छैन ।

१०. **यसै बमोजिम भए गरेको मानिने :** यो निर्देशिका स्वीकृत हुनुपूर्व गाउँ कार्यपालिकाबाट सम्पादन भएका कार्यहरु यसै निर्देशिका अनुरुप भए गरेको मानिनेछ ।

अनुसूची- १

(निर्देशिकाको दफा ३ (१) सँग सम्बन्धित)

**निवेदनको ढाँचा**

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू

गंगाजमुना गाउँ कार्यपालिकाको कार्यालय

फुलखर्क, धादिङ ।

**विषयः औषधी उपचार आर्थिक सहायता उपलब्ध गराइदिने बारे ।**

महोदय,

धादिङ जिल्ला, गंगाजमुना गाउँपालिका, वडा नं ...............................................स्थायी निवासी म श्री ..................................................................... कडारोग ....................................लागि विरामी भई उपचार गराइरहेकोले औषधी उपचारको लागि आर्थिक सहायता उपलब्ध गराइदिनु हुन देहायका कागजात संलग्न गरी निवेदन पेश गरेको व्यहोरा अनुरोध छ ।

**संलग्न कागजातः**

१. नागरिकताको प्रतिलिपी (वालकको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी)

२. सम्बन्धित वडाको सिफारिस

३. रोग पहिचान भएको चिकित्सकको प्रिस्किप्सन

**निवेदकको**

दस्तखतः

नाम, थरः

ठेगानाः

सम्पर्क नं.

अनुसूची-२

(निर्देशिकाको दफा ७ सँग सम्बन्धित)

**<u>औषधी उपचार आर्थिक सहायता लिनेहरुको अभिलेख (ढाँचा)</u>**

| सि.नं. | नाम, थर | ठेगाना | नागरिकता प्र.प.नं. | कार्यालयको निर्णय मिति | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |